*ISSN 2505-0974*

# मनमाया महाकाव्यमा रस

**डिल्ली नेपाल**
**उपप्राध्यापक**
**पशुपति बहुमुखी क्याम्पस, चाबहिल**
**Email: dillinepal76@gmail.com**

**लेखसार**

महाकाव्यकार कृष्णप्रसाद पराजुली नेपाली काव्यसाधनाका एक अथक साधक हुन् । वि.सं.२०७१ सालमा प्रथमपटक प्रकाशित कविवर पराजुलीको मनमाया एउटा नेपाली धर्तीपुत्र लाहुरेको वीरताजन्य अनुभूतिलाई वीररसमा साधारणीकरण गरिएको उत्कृष्ट महाकाव्यात्मक कृति हो । यसमा १७ शीर्षकका कविताहरू सङ्कलित छन् । यिनमा काव्यशास्त्रीय मान्यताअनुसार विभाव, अनुभाव र व्यभिचारी भावको सहज संयोजनबाट उत्साह स्थायीभाव वीर रसमा परिपाक भएको छ, त्यसैले प्रस्तुत कृति वीररस विधानका दृष्टिले सफल बनेको निष्कर्ष यहाँ प्रस्तुत गरिएको छ । कवि पराजुलीलाई सत्तरीको दशकमा पुग्दा एउटा महाकाव्य लेख्ने हुटहुटी जागेर आयो । कवि पराजुलीले यस काव्यमा आफ्नो दीर्घ जीवनका अनुभव, अनुभूति, पछिल्लो युवापुस्ताहरूमा छाएको वैदेशिक रोजगारीको मोह, तत्कालीन नेपालका तमाम युवापुस्ताको देशप्रतिको निराशा, गरिबी, बेरोजगारी आदि सन्दर्भलाई देखाउन यस महाकाव्यको रचना भएको देखिन्छ । लाहुरे जीवन र उसले भोगेका दुःख, उसको शूरता, वीरता आदि कार्यले काव्यमा वीररसको परिपाक भएको छ । यस लेखमा रस विश्लेषणका निम्ति उपलब्ध सामग्रीका सीमाभित्र रही काव्यमा प्रयुक्त विभाव, अनुभाव व्यभिचारी भाव र स्थायीभाव निर्क्योल गर्दै यिनै उपकरणका आधारमा मनमाया वीररसको उत्कृष्ट महाकाव्य रहेको निष्कर्ष प्रस्तुत भएको छ ।

**शब्दकुञ्जी :** परिपाक, निष्पत्ति, उपकरण, अङ्गी रस, निःसारता, चित्तवृत्ति ।

## विषयपरिचय

पूर्वीय काव्यशास्त्रमा महाकाव्यबारे प्रशस्त चर्चा गरिएको छ । यस महाकाव्यमा अन्य काव्यशास्त्रीय तत्त्वको पनि विन्यास भएको छ तापनि यस अध्ययनमा प्रस्तुत महाकाव्यमा अभिव्यक्त वीररसको विश्लेषण गरिएको छ । मनमाया (२०७१) शास्त्रीय छन्दमा संरचित महाकाव्य हो । प्रस्तुत काव्यकृति कृष्णप्रसाद पराजुलीको उत्कृष्ट रचना मानिन्छ । मनमाया महाकाव्यमा रस शीर्षकमा गरिएको यस अध्ययनको मूल उद्देश्य उक्त कृतिमा प्रयुक्त रसको विश्लेषण र मूल्याङ्कन गर्नु हो, त्यसैले मनमायामा रसको अवस्था कस्तो छ भन्ने प्राज्ञिक बहसलाई नै यहाँ अनुसन्धेय विषय बनाइएको छ । मनमाया महाकाव्यमा वीररसको परिपाक भएको छ । पछिल्लो समयमा महाकाव्य लेखन र त्यसप्रति केही बौद्धिक पाठकहरूको पनि रुचि देखिएकाले यस काव्यलाई पठन सामग्रीको एउटा भरपर्दो स्रोत पनि हुन सक्ने र अध्येता र सम्बन्धित सबैलाई आवश्यक सामग्रीका रूपमा उपयोगी हुन सक्ने उद्देश्यले मनमायामा प्रयुक्त रसको विश्लेषण गर्नुलाई यस अध्ययनको मूल उद्देश्य बनाइएको छ । मनमाया महाकाव्यमा रस शीर्षकअन्तर्गत यसको अध्ययन विश्लेषण गर्न प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । यी दुईमध्ये मनमाया महाकाव्यलाई प्राथमिक स्रोतको सामग्रीका रूपमा लिइएको छ भने रस विश्लेषणका आधारहरू द्वितीयक स्रोत सामग्रीका रूपमा उपयोग गरिएको छ । यी सबै सामग्रीहरू पुस्तकालयबाट सङ्कलित छन् । उपलब्ध यिनै सामग्रीहरूलाई आधार मानी काव्य परम्परामा स्थापित सिद्धान्तका आधारमा यस महाकाव्यको व्याख्या-विश्लेषण गरिएको छ ।

## सैद्धान्तिक आधार

रस शब्दका विविध अर्थ छन् जसमा पदार्थको रस, आयुर्वेदको रस, मोक्षभाव भक्तिको रस र साहित्यको रस आदि पर्दछन् । साहित्यका सन्दर्भमा काव्य पठन र नाट्यदर्शनका माध्यमबाट प्राप्त हुने आनन्दात्मक अनुभूतिलाई रस नाममा परिभाषित गरेको पाइन्छ । पूर्वीय ग्रन्थ नाट्यशास्त्रमा विभावानुभाव्यविचारीसंयोगाद्रसनिष्पत्तिः (भरत, २०४६, पृ.२२८) ।

भनिएको छ। अर्थात् विभाव, अनुभाव र व्यभिचारी भावको संयोगबाट रसको निष्पत्ति हुन्छ। यसलाई रस विवेचनाको मूल आधार मानिएको छ । उल्लिखित रस सूत्रका आधारमा काव्यगत विभाव, अनुभाव र व्यभिचारी भावको संयोगबाट रस निष्पत्ति हुने देखिन्छ । यिनलाई रसका उपकरण पनि भनिन्छ । यी उपकरणहरू यस्ता तत्त्व हुन् जसका संयोगले पाठकले रसानुभूति गर्दछन् । रसानुभूतिका यी मूलभूत उपकरणहरूको परिचय दिनु सान्दर्भिक हुन्छ ।

स्थायीभावलाई प्रकट वा प्रकाशित गर्ने कारण, हेतु वा निमित्तलाई विभाव भनिन्छ । आचार्य भरतले आङ्गिक, वाचिक, सात्त्विक र आहार्य अभिनय गर्ने पत्रलाई विभाव मानेका छन् (भरत, २०४६, पृ.२७९) । यिनले पाठक-प्रेक्षकका अन्तरहृदयमा अवस्थित रति, शोक, उत्साह आदि स्थायीभावलाई उद्बुद्ध तुल्याउँछन्, त्यसैले काव्यप्रकाशकारले रसानुभूतिका कारणरूप पात्रहरू विभाव हुने मान्यता राखेका हुन् (मम्मट, सन् २००८, पृ. ९८) । उपर्युक्त मान्यताहरूको विश्लेषण गर्दा हरेक व्यक्तिका अन्तरहृदयमा सांस्कारिक रूपमा रहेका भावहरूलाई काव्यगत पात्रहरूका माध्यमबाट उब्जाउने काम हुन्छ। तिनै काव्यगत पात्रहरू विभाव हुन् ( विश्वनाथ, १९७७, पृ. ५६) । आलम्बनोद्दीपनाख्यौ तस्य भेदावुभौ स्मृतौ (विश्वनाथ, १९७७, पृ. ६५) का अनुसार विभावका पनि आलम्बन र उद्दीपन गरी दुई भेद छन् । ती दुईमध्ये पहिलो विभाव आलम्बन हो । आलम्बनो नायकादि ( विश्वनाथ, सन् १९७७, पृ. ६५) का आधारमा काव्यगत नायक, नायिका आलम्बन विभाव हुन् भन्ने बुझिन्छ ।

आलम्बन विभावका पनि विषयालम्बन र आश्रयालम्बन गरी दुई प्रकार छन् । जसलाई देखेर स्थायीभाव अङ्कुरित हुन्छ, त्यसलाई विषयालम्बन भनिन्छ । यस मान्यतानुसार नायिकालाई देखेर नायकमा रत्यादि भाव अङ्कुरित भए नायक आश्रयालम्बन र नायकका निम्ति नायिका विषयालम्बन मानिन्छन् । त्यस्तै नायिकामा नायकप्रति भाव जागृत हुँदा नायक विषयालम्बन र नायिका आश्रयालम्बन हुन्छन् । यस मान्यताअनुसार नाट्यदर्शन वा काव्य पठनबाट प्रेक्षक-पाठकमा रसाभिव्यक्ति हुनाले काव्य नाट्यगत पात्रहरू नै विषयालम्बन र आश्रयालम्बन मानिएका हुन् । आलम्भनपछि रस निष्पत्तिको अर्को विभाव उद्दीपन हो । भावलाई उद्दीपन तुल्याउने तत्त्वलाई उद्दीपन विभाव मानिन्छ । उद्दीपन विभावास्ते रसमुद्दीपयन्ति ते (विश्वनाथ, १९७७, पृ. ९३) । दर्पणकारको यस कथनअनुसार विषयालम्बनका चेष्टा, देश, काल, परिस्थिति विषय वा वस्तुहरू आश्रयका उद्दीपक उपकरण हुन् । यिनले आश्रयमा अवस्थित भावलाई उद्दीप्त पार्छन्, त्यसैले रसका उपकरणहरूमध्ये विभावअन्तर्गतका आलम्बन र उद्दीपन प्रमुख रस सामग्री मानिएका छन् ।

अनुभाव अनुभवसँग सम्बद्ध विषय हो । मनोभाव व्यक्त गर्ने शारीरिक चेष्टालाई विशेषतः अनुभाव मान्ने गरेको पाइन्छ । यसले विषयालम्बन र उद्दीपन विभावका माध्यमबाट रति, शोक, उत्साह आदि भावहरूको अनुभाव गराउँछ । लोकमा आआफ्ना कारणद्वारा हृदयमा उद्बुद्ध रत्यादि भावलाई बाहिर प्रकट गर्दै लोकमा जुन कार्यरूप काव्य र नाटकमा आबद्ध हुँदा अनुभाव भनिन्छन् (विश्वनाथ, २०१३, पृ. २४२) । अनुभावका पनि कायिक, वाचिक, सात्त्विक र आहार्य गरी चार भेदहरूको चर्चा पाइन्छ। शारीरिक अभिनय, बोलीवचन, वेशभूषासँगै सात्त्विकअन्तर्गतका स्तम्भ, स्वेद, रोमाञ्च, स्वरभेद, वेपथु, वैवण्य, अश्रु र प्रलय पनि अनुभाव नै हुन् (भरत, २०४६, पृ. ३१७) । यसको तात्पर्य काव्य, नाट्यगत विषयालम्बनका चेष्टा आदिको अवलोकनपछि आश्रयालम्बनले शरीर, बोलीचाली, विभिन्न खाले अलङ्कार तथा वेशभूषा एवं मानसिक प्रतिक्रियाका माध्यमबाट व्यक्त गर्ने अनुभव नै अनुभाव हो भन्ने निष्कर्ष निस्कन्छ ।

रसको अभिव्यक्तिका लागि सहकारी भूमिका खेल्ने अस्थायी प्रकृतिका तेत्तिस ओटा भावलाई सञ्चारी वा व्यभिचारी भाव भनिन्छ। यिनले रसलाई पोषण गर्ने काम गर्दछन् । सांस्कारिक रूपमै सहृदयका हृदयमा स्थिर रहने र काव्यशास्त्रमा विभाव आदिका माध्यमबाट प्रकट हुने रसको बीजत्वलाई स्थायीभाव मानेको पाइन्छ । विभाव आदिका सहयोगले हुने बारम्बारको प्राकट्यका कारण रति, हास, शोक जस्ता भावहरू स्थायीभाव मानिएका छन् । नाट्यशास्त्रमा भनिएको छ : यथा नराणां नृपति : शिष्याणां च यथा गुरु : । एवं हि सर्वभावना भाव : स्थायी महानिह (भरत, २०४६, पृ. २८२) । जसको तात्पर्य सर्वसाधारणका बिचको राजा र शिष्यहरूका बिचको गुरु श्रेष्ठ भए झैँ अन्य भावहरूका बिचको स्थायीभाव पनि श्रेष्ठ हुन्छ । यही स्थायीभाव अनुकूल आलम्बन र उद्दीपनद्वारा उद्बोधक र उद्दीपक सामग्री पाएपछि रस रूपमा अभिव्यक्ति हुने हो (मम्मट, सन् २००८, पृ. ९५) । यस्तै अविरुद्धा विरुद्धा वा य तिरोधातुमक्षमा :/आश्वादाङकुरकन्दोऽसौ भाव : स्थायीति सम्मत (विश्वनाथ, सन् १९७७, पृ. १०४) । अर्थात् प्रतिकूल र अनुकूल भावहरूद्वारा तिरोहित नभई रसास्वादको मूल बनेको भावलाई स्थायीभाव भनिन्छ । त्यसरी नै आचार्य जगन्नाथले पनि सजातीय र विजातीय भावहरू तिरस्कृत भई रसास्वादनसम्म रहने हुनाले तिनलाई स्थायीभाव मानेको पाइन्छ ।

काव्यशास्त्रीहरूका दृष्टिमा विभावादिका सहयोगले रस रूपमा परिणत हुने स्थायीभाव अन्य भावभन्दा श्रेष्ठ मानिएको छ । रति, हास, शोक, क्रोध, उत्साह, भय, जुगुप्सा, विस्मय र शम गरी स्थायीभाव नौ प्रकारका छन् (विश्वनाथ, सन् १९७७, पृ. १०७) । यी नौमध्ये रतिबाट शृङ्गार, हासबाट हास्य, शोकबाट करुण, क्रोधबाट रौद्र, उत्साहबाट वीर, भयबाट भयानक, जुगुप्साबाट बीभत्स, विस्मयबाट अद्भुत र शमबाट शान्त रस अभिव्यक्त हुन्छ । आचार्य जगन्नाथले निर्वेदलाई शान्त रसको स्थायीभाव मानेको पाइन्छ । यी सबै स्थायीभावहरू रसका आधार हुन् ।

**रसको परिचय**

पूर्वीय काव्यशास्त्रहरूमा रसलाई काव्यको आत्मा मानेको पाइन्छ । रस त्यस्तो सारभूत तत्त्व पनि हो, जो वस्तुको हृतकेन्द्रमा आत्माको रूपमा रहन्छ । काव्य सन्दर्भमा रसको तात्पर्य रमणीय र आह्लादकारी अनुभूतिसँग छ । यसले मानवहृदयमा कुनै न कुनै तरल भाव संवेदनालाई व्यक्त गर्दछ । यसको आस्वादन पनि जिब्रोले होइन संवेदनशील हृदयले नै गर्दछ (उपाध्याय, २०६७, पृ. १८) । साहित्यमा रसको इतिहास श्रुतिकालदेखि नै प्रारम्भ हुन्छ । श्रुति वा वेदको प्रतिपादन छ - रस नै ब्रह्म हो, ब्रह्म नै रस हो । रसको भोक्ता पनि ब्रह्म हो । अर्थात् रस ब्रह्मस्वरूप पनि हो र ब्रह्मको भोजन पनि हो । यसरी ब्रह्म आनन्द पनि हो आनन्दी पनि हो । जसरी ब्रह्माण्डमा ब्रह्म परमात्माको रूपमा अवस्थित छ उसैगरी काव्यमा रस आत्माको रूपमा विद्यमान हुन्छ (नगेन्द्र, १९६४, पृ. ३-५) । रस निरूपणका सन्दर्भमा अनेक मत देखिए झैँ रसका सङ्ख्याका सन्दर्भमा पनि मतमतान्तर देखिन्छन् । भरतमुनिले नाटकमा शान्तबाहेक रसहरूको विधान गरेका छन् । अभिनव गुप्तले नौ रसको सिद्धान्तलाई शास्त्रीय मान्यता प्रदान गरेका छन् । कसैले शृङ्गार, रौद्र, वीर र बीभत्सलाई नै मुख्य रस मानेका छन् । आचार्य विश्वनाथले शृङ्गार, हास्य, करुण, रौद्र, भयानक, वीर, शान्त र बीभत्स गरी आठ रसलाई मान्यता प्रदान गरेका छन्, तर पूर्वीय काव्यशास्त्रले मान्यता प्रदान गरेका रसका नौ भेद छन्; ती शृङ्गार, हास्य, करुण, रौद्र, वीर, भयानक, बीभत्स, अद्भुत र शान्त हुन् । यहाँ यिनीहरूको छोटो चर्चा गरिन्छ ।

परस्पर अनुरागमा बाँधिएका नायक-नायिकाको एकअर्काको प्रेमको वर्णन भएमा शृङ्गार रस हुन्छ । यसका पनि दुई भेदहरू छन् ; संयोग शृङ्गार र विप्रलम्भ शृङ्गार ।

क) **संयोग शृङ्गार**- संयोगमा नायक-नायिकाको संयोगात्मक प्रेमको वर्णन हुन्छ र यो प्रेमदर्शन, सम्भाषण, स्पर्श, आलिङ्गन आदि अनेक प्रकारको हुन्छ (शर्मा, २०५८, पृ. १५२) । शृङ्गार रसका आलम्बन परस्पर प्रेममा आशक्त नर-नारी हुन्छन् र उद्दीपन एकान्त, उद्यान, चन्द्रमा, चन्द्रिका, भ्रमण आदि हुन्छन् । यसका अनुभाव, कटाक्षपात, मुस्कान, लज्जा आदि हुन् भने व्यभिचारी (सञ्चारी) भाव निर्वेद, ग्लानि, दीनता, मलिनता आदि हुन् । उग्रता, मरण, आलस्य र जुगुप्साबाहेक अन्य २७ भाव शृङ्गार रसका व्यभिचारी भाव हुन् । यसको स्थायीभाव रति हो (उपाध्याय, २०६७, पृ. ५८) ।

ख) **विप्रलम्भ शृङ्गार**- जसमा रति (प्रेम) भने पूरा हुन्छ तर आफ्नो प्रिय वा प्रियाको लाभ भने भएको छैन भने विप्रलम्भ शृङ्गार हुन्छ । यसमा नायक-नायिका मिलन नभएर विरहको वर्णन हुने भएकाले अभिव्यक्ति वेदनात्मक हुन्छ (शर्मा, २०५८, पृ. १५२) ।

शारीरिक, मानसिक, र भाषिक विकृति वा विसङ्गतिबाट हास्य रस उत्पन्न हुन्छ । अस्वाभाविक लाग्ने हास्यास्पद व्यक्ति वा वस्तु यसको आलम्बन हुन्छ र विकृतिहरूको निःशङ्क उन्मेष यसको उद्दीपन हुन्छ । दाँत ङिच्याउनु, हातमुख चम्काउनु, आँखा खुम्च्याउनु आदि यसका अनुभाव हुन् । निद्रा, आलस्य आदि यसका व्यभिचारी (सञ्चारी) भाव हुन् भने हास यसको स्थायीभाव हो (उपाध्याय, २०६७, पृ. ५९) ।

पुत्र-कलत्र आदि प्रियजनसितको वियोग वा तिनको विपत्ति वा मरण देखेर वा सुनेर अथवा प्रिय वस्तुको विनाश देखेर वा सुनेर मनमा उत्पन्न हुने विकलताबाट करुण रस उत्पन्न हुन्छ । वियुक्त, विपतग्रस्त वा मृत प्रियजन वा विनष्ट वस्तु यसको आलम्बन बन्छ र प्रियको गुणको सम्झना आदि यसका उद्दीपन हुन्छन् । दैवनिन्दा, गुहार माग्नु, भुइँमा पछारिनु, कपाल लुछ्नु, रुनु, कराउनु आदि यसका अनुभाव हुन् र उच्छ्वास, मूर्छा आदि यसका व्यभिचारी भाव हुन् । शोक यस रसको स्थायीभाव हो (उपाध्याय, २०६७, पृ. ६०) ।

गुरुजन वा आत्मीय जनको अपमान वा वध आदि अनिष्ट कार्य भएमा रौद्र रसको अभिव्यक्ति हुन्छ । अपराधी व्यक्ति यसको आलम्बन विषय हुन्छ भने प्रतिशोध लिने व्यक्ति आश्रयालम्बन हुन्छ । अपराधीद्वारा गरिने बल प्रयोग, हत्या, अपमान आदि यसका उद्दीपन हुन् । कठोर वचन आदि अनुभाव हुन् र गर्व, क्रूरता, उग्रता आदि व्यभिचारी हुन् । क्रोध यसको स्थायीभाव हो (उपाध्याय, २०६७, पृ. ६०) । शत्रु वा प्रतिद्वन्द्वीको पराक्रम, उदारता, दानशीलता आदिको प्रशंसा सुनेर आफूले पनि त्यस्तै कार्य गरेर यशस्वी हुने जुन उत्साह मनमा जाग्दछ त्यसैबाट वीररसको उत्पत्ति हुन्छ । यस रसको आलम्बन विषय शत्रु वा प्रतिद्वन्द्वी हुन्छ ।

भने नायक यसको आश्रय हुन्छ । रणदर्शन, वीरतादर्शन, आदि यसका उद्दीपन हुन्छन् भने विपक्षीको तिरस्कार, अस्त्र प्रहार, कठोर वचन आदि अनुभाव र गर्व, धैर्य, रोमाञ्च आदि व्यभिचारी (सञ्चारी) भाव हुन्छन् । उत्साह यस रसको स्थायीभाव हुन्छ (उपाध्याय, २०६७, पृ. ६०) ।

भयप्रद जन्तु, घटना वा दृश्य देखेर मनमा जुन भयानक चित्तवृत्ति उत्पन्न हुन्छ त्यसैबाट भयानक रसको अभिव्यक्ति हुन्छ । भयानक जन्तु वा विषय यसको आलम्बन विषय हुन्छ र भयभीत हुने व्यक्ति यसको आश्रय हुन्छ । भयङ्कर जन्तुका भयप्रद चेष्टा यसका उद्दीपन हुन् । गद्‌गद् स्वरले बोल्नु, पसिना काढ्नु आदि यसका अनुभाव हुन् अनि शङ्का, मूर्छा, मृत्यु आदि व्यभिचारी भाव हुन् । भय यसको स्थायीभाव हो (उपाध्याय, २०६७, पृ. ६१) । घृणित वस्तु वा व्यक्तिलाई देखेर उत्पन्न हुने चित्तवृत्ति बीभत्स रस हो । यसको आलम्बन दुर्गन्धित र घृणित वस्तु हुन्छ । उद्दीपन घृणालाई संवर्द्धन गर्ने तत्त्व हुन्छन् । थुक्नु, आँखा चिम्लनु, नाक थुन्नु आदि यसका अनुभाव हुन् । आवेग, मूर्च्छा व्याधि आदि यसका सञ्चारी भाव हुन् । घृणा यस रसको स्थायीभाव हो (उपाध्याय, २०६७, पृ. ६१) । अलौकिक अथवा विचित्र वस्तु, दृश्य वा घटनालाई देखी, सुनी उत्पन्न हुने विस्मयात्मक चित्तवृत्ति अद्‌भुत रस हो । यसमा अलौकिक वा अनौठो विषय वा वस्तु आलम्बन हुन्छ र त्यस अलौकिक विषय वा वस्तुको महिमा अथवा चमत्कार उद्दीपन हो । पसिना आउनु, रोमाञ्च हुनु, आँखा फैलाउनु आदि यसका अनुभाव हुन् भने त्रास, जडता आदि यसका व्यभिचारी (सञ्चारी) भाव हुन् । विस्मय वा आश्‍चर्य यस रसको स्थायीभाव हो (उपाध्याय, २०६७, पृ. ६२) । संसारको अनित्यता र निःसारताको बोधबाट उत्पन्न हुने वैराग्यात्मक चित्तवृत्ति शान्त रस हो । समस्त अनित्य र दुःखद् सांसारिक प्रपञ्च यसको आलम्बन हुन्छ भने पुण्याश्रम, तीर्थ, सत्सङ्ग आदि यसका उद्‌दीपन हुन्छन् । रोमाञ्च आदि यसका अनुभाव हुन्छन् र निर्वेद, हर्ष, स्मरण आदि यसका व्यभिचारी (सञ्चारी) भाव हुन्छ । शम यसको स्थायीभाव हुन्छ (उपाध्याय, २०६७, पृ. ६२) ।

## विमर्श र परिणाम

मनमाया महाकाव्यमा करुण, शान्त, शृङ्गार र बीभत्स रसको पनि प्रयोग भएको छ तापनि वीररस अङ्गी रसका रूपमा रहेको छ । कृतिका श्लोकहरूबाट वीररसको प्राधान्य पुष्टि गर्न सकिन्छ र यसलाई वीररसप्रधान महाकाव्यका रूपमा स्थान निरूपण गर्न सकिन्छ ।

## मनमाया महाकाव्यको सारवस्तु

मनमाया महाकाव्यले मनवीर र मायावतीको प्रेमकहानी प्रस्तुत गर्दछ । मनवीर एक साहसी र वीर पुरुष हुन् जब कि मायावती एक सुसंस्कारिक र सुन्दर युवती हुन् । अनायास बसेको उनीहरूको प्रेमसम्बन्धले उनीहरूलाई एकअर्काप्रति आकर्षित गर्दछ । तर समाज र परिस्थितिले तिनीहरूको प्रेमलाई चुनौती दिन्छ । मनवीर र मायावतीको प्रेमयात्रा सङ्घर्ष र बलिदानीपूर्ण हुन्छ । मनवीरले आफ्नो प्रेमका लागि अनेकौं कठिनाइहरूको सामना गर्नुपर्छ । उनीहरूका बिचमा अन्तरजातीय प्रेम भएका कारण समाजका परम्परागत नियम र बाधाहरूलाई पार गर्नुपर्छ । मायावती आफ्नो प्रेमलाई साकार पार्नका लागि धैर्य र साहस देखाउँछिन् र मायावतीको प्रेमलाई समाजले सजिलै स्वीकार नगर्नुका कारणहरूमा परम्परागत नियम, सामाजिक प्रतिष्ठा, आर्थिक असमानता, पारिवारिक दबाब, सांस्कृतिक परम्परा आदि हुन् (नेपाल, २०७७, पृ. ३२-३८) ।

जे जस्तो परिस्थिति र विघ्नबाधा आए पनि यी दुई प्रेमजोडीले एकअर्कालाई आत्मिक र हार्दिक प्रेम गरिरहे र अन्ततः यिनीहरूको साँचो प्रेम यथार्थमा परिणत हुँदै अमर बन्यो । मनवीरले लाहुरे बनेर शत्रुहरूका अगाडि देखाएको बहादुरीले गोर्खालीको नाम उँचो बनायो । गाउँका शोषक सामन्तीहरूको थिचोमिचो र दबाबलाई ध्वस्त पारी शोषण, भ्रष्टाचार र विभेदरहित समाजको परिकल्पना गर्ने सोही अभियानलाई मनवीरले यथार्थमा रूपान्तरण गरेका छन् । गाउँमा आधुनिक वैज्ञानिक तरिकाको कृषि व्यवसाय, कृषि फर्म सञ्चालन, दुग्धडेरी सञ्चालन, लघुवित्त बैंक स्थापना, ग्रामीण स्वास्थ्य चौकी सञ्चालन गरी गरिबहरूको आर्थिक अवस्था माथि उठाउन अहम् भूमिका खेली शोषण, भ्रष्टाचार, विभेदरहित र स्वस्थ समाजको निर्माणमा दुवै मनवीर र मायावती लागेर आफ्नो जन्मभूमिको स्तरोन्नतिमा नयाँ दृष्टान्त प्रस्तुत गर्दै मनमाया महाकाव्य समापन भएको छ ।

## मनमाया महाकाव्यमा रस

पूर्वीय साहित्यशास्त्रीहरूले महाकाव्यको एक तत्वका रूपमा रसाभिव्यक्तिलाई पनि औंल्याएका छन् । रसभाव विधानका दृष्टिले प्रस्तुत मनमाया महाकाव्यको सर्वेक्षण गर्दा यसमा रति, उत्साह, हासो, जुगुप्सा, भय, वात्सल्य र

शान्त जस्ता रसभावको अभिव्यक्ति भएको पाइन्छ । उत्साह स्थायीभाव परिपुष्टि भई वीररस अङ्गी रसका रूपमा आस्वाद्य अवस्थामा पुगेको देखिन्छ ।

यसमा अभिव्यक्त रौद्र, भयानक, हास्य, बीभत्स, शृङ्गार जस्ता रसहरू वीररसकै परिपोषक भई अङ्ग रसका रूपमा रहेका छन् । महाकाव्यको कथावस्तुअनुसार कतै कतै करुण, शान्त, बीभत्स, शृङ्गार जस्ता रसहरू देखापरे तापनि कथावस्तुको सोलोडोलो रूपमा सुरुदेखि अन्त्यसम्म नै नायकले वीरताको प्रदर्शन गरेका कारण यस महाकाव्यको अङ्गी रसका रूपमा वीररस नै परिपाक भएको देखिन्छ र शृङ्गार, करुण, शान्त, बीभत्स जस्ता रसले अङ्गी रसलाई परिपाक गर्नका लागि सहयोगी भूमिका खेलेका छन् । यस महाकाव्यको अङ्गी रसका रूपमा रहेको वीररसको पुष्टिका लागि रसका सामग्री वा उपकरणहरूलाई यसरी प्रस्तुत गर्न सकिन्छ ।

**मनमाया महाकाव्यमा आलम्बन विभाव**

विषय र आश्रय गरी आलम्बन विभावका दुई भेदमध्ये मायावतीलाई यहाँ विषयालम्बनका रूपमा वर्णन गरिएको छ । यहाँ मायावती (नायिका)लाई देखेर मनवीर (नायक) मा स्थायीभाव अङ्कुरित भएकाले नायक आश्रयालम्बन र नायिका विषयालम्बन हुन् । कथयिता नायकले नायिकालाई सुन्दर, रूपकी धनी, घर्ती वंशकी तर समाजबाट उपेक्षित उनको रूप नै अरूका निम्ति बैगुनी बनेको, उनका चुरा बजेका, उनको कुरा कानमा गुन्जेको, जति बात गरे पनि अधुरो भएको, उनका अगाडि त दीपक पनि मधुरो हुने, उनलाई चुम्बकका रूपमा वर्णन गरी जो कोही पनि टाँसिने सामर्थ्य भएको भनी नायिकाको वर्णन गरिएको छ । यसरी नायिकाको वर्णनबाट नायकमा रति (प्रीति) भाव अङ्कुरण गराउन मद्दत पुगेको छ । यहाँ नायिकामा भएका असल शीलस्वभाव, सुसंस्कार, असल आचरण, सद्व्यवहारले नायकका हृदयमा रति (प्रीति) भाव अङ्कुरण भएको छ । आलम्बन विभावको परिचयका निम्ति मनमायाकै श्लोक यसरी उद्धरण गर्न सकिन्छ :

घर्ती थियो वंश उपेक्षितै थिए धर्ती थियो अंश चलाउँदै गए
छोरी थिइन् सुन्दर रूपकी धनी बन्छन् यिनै रूप विशेष बैगुनी (पृष्ठ, ३८ : ११)
नबजे पनि बज्छ चुरा उनको नसुनूँ म सुनूँ छ कुरा उनको
जति बात गरूँ किन हो मधुरो उनका अघि दीपक नै मधुरो (पृष्ठ, ४४ : ४८)

यहाँ नायिकालाई घर्ती वंशकी सुन्दरी छोरी, रूपकी धनी, उनका सुन्दरताका अगाडि दीपक पनि मधुरो हुन्छ भन्दै नायिकाको वर्णन गरिएकाले मायावती (नायिका) विषयालम्बन हुन् भने नायिकाका सुन्दरताले नायकमा रति (प्रीति) स्थायीभाव प्रकट गरेकाले नायक (मनवीर) आश्रयालम्बन हुन् । यिनै आलम्बन विभावले यस काव्यमा रति (प्रीति) स्थायीभाव उद्बुद्ध गराएका छन् ।

**मनमाया महाकाव्यमा उद्दीपन विभाव**

आश्रयस्थ स्थायीभाव रतिलाई उद्दीप्त तुल्याउने उपकणलाई उद्दीपन विभाव भनिन्छ । यस महाकाव्यका पात्र नायक मनवीर लाहुर गएपछि नायिका मायावती निकै विगलित बनेकी छिन् । मनवीरसँग रहेका यावत् क्षणहरू सम्भने क्रमले नायिकालाई उद्दीप्त तुल्याएका छन् । यस काव्यमा नायिकालाई नायकले पठाएका पत्रले निकै भावविह्वल बनाएको छ । यसै गरी नेपालीहरूले विदेशमा भेडा र उँट हेर्ने गरेको कहानी उनले सुनेकी थिइन् । मनले विदेशमा के खाए होलान् ? कसरी एक्लै चित्त बुझाउँदै होलान् ? भन्दै एकदुईपटक आएका चिठी पल्टाउँदै मनवीरको यादमा छटपटिएको घटनाले काव्यमा उद्दीपक उपकरणको काम गरेका छन् । पठाइएका चिठीपत्र, शून्यकोठा, विदेशको मरभूमि, उँट, भेडा आदिले (आश्रयालम्बन) नायिकालाई उद्दीप्त तुल्याएका छन् । मनमाया महाकाव्यकै श्लोकका माध्यमबाट उद्दीपन विभावलाई यसरी प्रस्तुत गर्न सकिन्छ :

चिठी धेरै लेखेँ विगत दिनमा अश्रुकणले
हराएँ आफैं लौ हिम शिखरमा शून्य धुनले
चिठी मिल्थ्यो पैले अलिकति दिन ता शान्त म थिएँ
हरायो त्यो ऐले बहुदिन गयो क्लान्त म भएँ । (पृष्ठ, ६८, १३)
उँटै वा भेडा नै मरुथल पुगी हेर्नु छ भने
जहाँ जाऊ व्यर्थै श्रम कठिन नै देख्छु रहने
दलालीले ढाँट्छन् तलब सुविधा बेस छ भनी
त्यहाँ पुग्दा सारा गडबड हुने सुन्दछु पनि । (पृष्ठ, ६७, ८)

विषय (नायक) र आश्रय (नायिका)को विगत खुसी थियो । जबसम्म मनवीर गाउँमा थिए तबसम्म सानो घर-संसार, सुन्दर, विशाल र ऐश्वर्यपूर्ण थियो, तर अहिले नायकका अभावमा त्यही घर शून्य र क्लान्त बनेको छ । नायकका कतिपय यादहरू घरमै अडिरहेका छन्, तर उनी भने विदेशको मरभूमिमा छन् । उनी नायिकाबाट निकै टाढा भइसकेका छन् । यता घरमा भएका सारा कुराहरू मनवीरलाई नै सम्झाइराख्ने प्रकृतिका छन् । जुन सम्झनाले नायिका (आश्रय) को अन्तरमन उद्दीप्त बनेको छ, तसर्थ प्रस्तुत महाकाव्यमा आश्रय (नायिका) लाई उद्दीप्त तुल्याउने प्रकृतिका नायक-सम्बद्ध विषय वा वस्तुहरू उद्दीपक उपकरण वा उद्दीपन विभावका रूपमा आएका छन् ।

**मनमाया महाकाव्यमा अनुभाव**

विषयालम्बन विभावको सम्झनाले आश्रयमा भएको अनुभूति अनुभाव हो । अनुभावका मुख्य चार प्रकारको सहज उपस्थिति मनमाया महाकाव्यमा पाइन्छ । यसको पहिलो प्रकारअन्तर्गत आमाको निधनपछि र आफ्नो प्रेमी विदेसिँदा मायावतीको शरीर विगलित र क्लान्त बनेको छ । त्यही घरमा बसेर गरी खान पनि उनी असमर्थ छिन् । आँखाबाट आँसुको भेल बगेको छ । मुटुको धड्कन बढेको छ । यस स्थितिलाई कायिक अनुभावमा लिन सकिन्छ । सधैँ आफ्नो साथमा बसेर हाँसिरहने आमाले संसार छोडेको र उनी कहानी वा सम्झनामा मात्र सीमित रहेको कथन वाचिक अनुभाव हो । आमालाई दैवले टाढा बनाए पनि आफूलाई माया गर्ने प्रियतम पाएको खबर आमासँग गगनमा सम्प्रेषण गर्नु वाचिक अनुभाव नै हो । आमाको निधनले घर शून्य हुनु, मलिन मुखमुद्रा बनाउनु, कोठा रित्तो र अस्तव्यस्त नै राख्नु आदिलाई आहार्य र आमा र प्रेमीको विछोडको पीडाले शरीरको कान्ति बिग्रनु, शरीरमा कम्पन हुनु, आँखामा आँसु छचल्किनु, आमाको निधनको पीडाले भावविह्वल बन्नु जस्ता भाव मायावतीमा उपस्थित हुनु सात्त्विक अनुभाव हुन् । मनमाया महाकाव्यकै श्लोक उद्धरण गरी प्रस्तुत महाकाव्यको अनुभावलाई यसरी उल्लेख गर्न सकिन्छ :

म लागूँ हे आमा ! अब कुन दिशा शून्य छ जगत्  
छ लोकै यस्तो यो चलन र प्रथा घुम्दछ फगत्  
तिमी मेरी तारा, यस भुवनकी हौ शशिमुखी  
तिरूँ केले भारा जिय पनि त्यसै जान्छ कि सुकी ! (पृष्ठ, ७८ : ७४)  
गइन् आमा पाएँ प्रियतम मिले जो सँग थिए  
बसे लौ पर्खेरै मुटु ढुकढुकी ती पर गए  
उनी प्यारा आफ्ना नजिक नभए खप्छु कसरी  
बित्यो सारा बेला छिनछिन रुँदै बाँच्छु यसरी ! (पृष्ठ, ७८ : ७७)

मनमायाका प्रमुख कथयिता मायावतीलाई ममतामयी आमासँगै आफ्नै घर-संसारमा रमाउने आशा थियो । उनी परिवारमा कहिल्यै अमङ्गल नहोस् भन्थिन् तर आज उनकी आमा उनीसँग छैनन् । दैवले आफ्नी आमालाई चुँडेर लगेपछि कथयिताका लागि संसारै अँध्यारो भएको छ । उनी यस्तो अकल्पनीय घटनाबाट स्तब्ध हुँदै भगवान्सँग गुनासो पोख्न चाहन्छिन् । असहाय पात्र मायावतीलाई एक्लै बसेर रुने चाहनाबाहेक अरू केही छैन । बाँच्ने आधारका रूपमा आफ्ना प्रियतम मात्र छन्, तर उनी पनि आफूबाट टाढा भएको प्रसङ्ग यहाँ उल्लेख गरिएको छ, त्यसैले माथिको उद्धरणलाई यहाँ वाचिक अनुभावका रूपमा प्रस्तुत गरिएको छ ।

**मनमाया महाकाव्यमा व्यभिचारी भाव**

व्यभिचारी भावले विभाव र अनुभावलाई पोषण गर्दै स्थायीभावलाई उत्कर्षमा पुऱ्याउँछन् । यसै मान्यताअनुसार मनमाया महाकाव्यमा पनि व्यभिचारी भावहरूले उत्साह स्थायीभावलाई वीर रसको परिपाकमा पुऱ्याएका छन् । नायकको विदेश गमनले नायिका एक्लिएकी छिन् र मनमा ठुलो चोट परेको छ । यस स्थितिमा आश्रय (नायिका) का मनमा अनेक भावहरू उठ्तै र विलय हुँदै गएको स्थिति छ । महाकाव्यकी नायिका मायावतीले (मनवीर) नायकविनाको जीवनलाई निरर्थक ठहराएकी छिन् । उनमा एक्लो जीवन जिउने तृष्णा मलिन भएको छ, तर पनि हिम्मत नहारीकन घर छाडेर अन्तै जीवन जिउन थालेकी छन् । उनमा नयाँ तरिकाले बाँच्नका लागि राम्ररी पढेर, सक्षम बनेर स्वावलम्बी जीवन जिउने प्रेरणा जागृत भएको छ । साँचो मन राखेर प्रतीक्षा गरे आफ्नो पवित्र प्रेम एकदिन अवश्य सफल हुन्छ भन्ने भाव लिएर मायावती आफ्नो काम कर्तव्यमा निरन्तर लागेकी छिन् । उनमा निरन्तर भय, दैन्य, भ्रम, आवेग, जडता, चिन्ता, हर्ष, त्रास, स्वप्न, चपलता, स्मृति, औत्सुक्य आदि सञ्चरणशील भावहरू उठ्ने र बिलाउने गर्दछन् । मनमाया महाकाव्यमा व्यभिचारी भावको नमुनाका रूपमा तलका श्लोकहरूलाई उद्धरण गरी यसरी हेर्न सकिन्छ :

मैन्हा पाँच पुगेछ एकल बसी दासी-उदासी थिइन्
त्यै बेला ज्वरले निचोरिन गई उठ्नै नसक्ने भइन्
खानाको पिरलो पढाइ पनि ता बन्दै हुने चाल भो
निस्किन् रे झुपडी त्यजेर अनि ता बाटो बिहालै बन्यो । (पृष्ठ, ९७ : ७)

यहाँ नायिका आफ्ना प्रेमीको अभावमा बिलौना गर्छिन् । व्यथाले थलिएको वेला उनलाई पर्नुसम्म पिरमर्का परेको छ, तर पनि साहस बटुलेर गृहत्याग गरी हिँड्छिन् । आँखामा टलपल आँसु भरिएको छ । मन विरक्तिएको छ । यस्तो अवस्थामा उनमा जीवनप्रति थोरै उत्साह, उत्सुकता, भय, विषाद, त्रास, भ्रम, अश्रु जस्ता व्यभिचारी भाव उपस्थित रहेका छन् र यी भावले वीररसलाई परिपोषण गरेको देखिन्छ ।

**मनमाया महाकाव्यमा वीररसको अभिव्यक्ति**

महाकाव्यकार कृष्णप्रसाद पराजुली महाकाव्य लेखनमा विशिष्ट प्रतिभा मानिन्छन् । मनमाया महाकाव्य महाकविले देखेको, भोगेको, महसुस गरेको जीवन-जगत्को परिणति हो । काव्यशास्त्रीय मान्यताअनुसार इष्टको वीरताबाट निष्पन्न उत्साहले चर्वणावस्था प्राप्त गरे वीर रस हुन्छ । महाकाव्यका नायक (मनवीर) लाहुरमा छँदा हाकिमले उनको बहादुरीको कदर गर्दै दर्जा बढाएको, कास्मिर, लद्दाख, गोरखपुर जस्ता क्षेत्रमा युद्धका क्रममा पनि शत्रुलाई सजिलै निमिट्यान्न पारेको, सिपाही कमान्डरले वीर गोर्खाली भनेर कुममा धाप मारेको प्रसङ्ग र यता स्वदेश फिर्तीपछि पनि गाउँमा नरपति साहु र जैमाने जस्ता शोषक, सामन्तहरूलाई जेल हालेर सम्पूर्ण गाउँलेहरूलाई शोषण, थिचोमिचोबाट मुक्त बनाएको घटनाले पुरुष पाठकमा वीररसको रसास्वादन हुन्छ भने गाउँमा रहेकी मायावतीले कोही पनि सहारा नहुँदा घर छाडेर धैर्य र हिम्मतका साथ पढेर जागिर खाएको, बिच-बिचमा निकै ठूल्ठूला घटना, विघ्नबाधा आए पनि डटेर सामना गरेको घटना प्रसङ्गले नारी पाठकहरूमा नायिकाको जस्तै धैर्य, हिम्मत र साहस जुटाउन प्रेरित गरेको छ । नायक र नायिकाका यिनै कार्यबाट तमाम पाठकवर्ग उत्साहित बनेका छन् । उनको त्यो वीरता र उत्साहका माध्यमबाट रस चर्वणा प्राप्त गरेको छ । नायक मनवीरमा पराक्रम छ । उनको पराक्रम कहिल्यै रित्तिएर रित्तिन्न । त्यही वीरता नायकबाट पाठकले वीर रसका रूपमा आस्वाद प्राप्त गर्दछन् । नायक मनवीर र नायिका मायावतीको वीरताको कथावस्तुले पाठकमा उत्साह स्थायीभावलाई रससिद्धिको अवस्थामा पुऱ्याउँदछ र पाठक हृदयस्थ उत्साह स्थायीभावको साधारणीकरण भई रस रूपमा अभिव्यक्ति भएका कारण आनन्दानुभूति प्रकट गर्दछन् ।

पाठकले रसास्वाद गर्नका लागि काव्यगत विभाव, अनुभाव, र व्यभिचारी भावको क्रमशः विभावन, अनुभावन र व्यभिचारी व्यापार सफल हुनुपर्छ । नायकको व्यक्तिगत जीवन उत्साहपूर्ण छ । पाठकले काव्यको नायकलाई विषयालम्बन विभावका रूपमा ग्रहण गर्छ भने मायावतीलाई आश्रयालम्बनमा अनुभव गर्छ । काव्यगत नायक-नायिकाको पराक्रमबाट प्राप्त उत्साह यस काव्यको मूल पक्ष हो । पाठकका निम्ति वास्तविक मनवीर र मायावती काव्यगत नायक-नायिका नभएर आफैँमा अनुभूत गरी साधारणीकरण भएर पाठक आफैँमा उत्साह खेलाउन थाल्छ । उनीहरू आफू स्वयं नायकनायिकाको स्थितिमा पुगेर वीरभावको आस्वादन गर्न थाल्छन् । पुरुष पाठकले नायिकालाई आफ्नै प्रेयसीका रूपमा र स्त्री पाठकले नायकलाई आफ्नै प्रेमीका रूपमा कल्पिई रस आस्वादन गर्न पुग्छ । अतः काव्यगत विभावका समस्त भावहरू पाठकका आफ्ना भाव ठानिन्छन् जसले पाठकलाई रस आस्वादनको स्थितिमा पुऱ्याएका छन् ।

दुई अलग-अलग भाँडामा राखिएको कोशी र गण्डकीको पानी एउटै भाँडामा मिसाउनासाथ त्यहाँ कोशी र गण्डकीको पानीको पृथक्ता रहँदैन, केवल पानी मात्र हुन्छ । त्यसरी नै कुनै पनि मनोभाव पृथक्-पृथक् हुँदैनन् । काव्यगत पात्रको भाव पाठकका मनमा तन्मय हुन्छ । पाठकमै भएको सार्वजनिक उत्साह वीर रसमा अभिव्यक्त भई पाठक लाभान्वित हुन्छन् । मनमाया महाकाव्यमा पनि आश्रयमा जागृत विषयप्रतिको उत्साह, अनुभव र व्यभिचारी भावको अनुभाव र व्यभिचारण व्यापारद्वारा पाठकमा स्थित स्थायीभावको उद्बुद्धि र परिपुष्टिको स्थिति सुदृढ भएकाले मनमाया पठनबाट पाठकले आफूमा अन्तरनिहित उत्साह स्थायीभावलाई रस रूपमा आस्वादन गरी आह्लाद प्राप्त गर्दछ । पाठक स्वयंमा रहेको उत्साह भाव वीररसमा अभिव्यक्त हुन्छ र पाठक आनन्दित हुन्छन् । यिनै साक्ष्यका आधारमा हेर्दा मनमाया वीररसप्रधान उत्कृष्ट महाकाव्य देखिन्छ ।

**निष्कर्ष**

कृष्णप्रसाद पराजुली नेपाली साहित्यका विशिष्ट प्रतिभा हुन् । ग्रामीण र सहरिया दुवै परिवेशमा अनेकन दुःख र कष्टका छालहरू झेल्दै हुर्किएका महाकाव्यकार पराजुलीको प्रतिभा, व्युत्पत्ति र अभ्यासको परिणति नै उनको

महाकाव्यलगायत अन्य काव्यकृतिहरू हुन् । ७५ वर्षको दीर्घ जीवन पार गर्दैगर्दाको कविहृदयले एउटा महाकाव्य नलेखी विश्राम नलिने सपना बोकेपछि यस हुटहुटीलाई पूरा गर्ने लक्ष्यतर्फ उन्मुख परिणामको फल मनमाया महाकाव्य हो । यो काव्यशास्त्रीय परम्पराअन्तर्गत रससिद्धान्तको कसीमा परीक्षण गर्दा वीररसप्रधान महाकाव्यका रूपमा प्रमाणित भएको छ ।

पूर्वीय सहित्यका नव रसहरूमध्ये वीररस नायक-नायिका सम्बद्ध रस हो । यसमा शत्रु वा प्रतिद्वन्द्वीको पराक्रम, उदारता, दानशीलता आदिको प्रशंसा र यशस्वी हुने उत्साह मनमा जाग्दछ । यहाँ दानवीर, धर्मवीर, युद्धवीर आदि भाव शास्त्रीय मान्यताअनुसार नै देखापरेका छन् । विभाव, अनुभाव, व्यभिचारी भाव र स्थायीभाव आदि रसका उपकरणहरू शास्त्रीय मान्यताअनुसार नै अभिव्यञ्जित छन् । यहाँ नायक (मनवीर) विषयालम्बन र नायिका (मायावती) आश्रयालम्बन विभाव हुन् । आश्रयलाई उद्दीप्त तुल्याउने सन्दर्भमा मनवीरले छोडेको सिन्दूर, टीका, शृङ्गारका सामग्री, रित्तोघर, बोलेका वचनहरू, विदेशको मरभूमिस्थल आदि उद्दीपन विभावका रूपमा उपस्थित छन् । यसरी नै काव्यमा विविध मोडमा आश्रय (मायावती) मा अनुभूत कायिक, वाचिक, सात्त्विक र आहार्य अनुभूतिहरू काव्यगत अनुभाव र स्थिर नरही बारम्बार उत्पन्न हुने र नासिने दैन्य, चिन्ता, मोह, त्रास, औत्सुक्य, विषाद आदि अस्थायी भावहरूले व्यभिचारी भई मनमाया महाकाव्यलाई वीररसको परिपाकमा पुऱ्याएका छन् । अतः मनमाया महाकाव्यमा वीर रसको सिद्धि भएको छ । यस महाकाव्यले महाकवि पराजुलीलाई वीररसका उत्कृष्ट महाकविका रूपमा स्थापित गरेको छ ।

**सन्दर्भ सामग्रीसूची**

उपाध्याय, केशवप्रसाद (२०६७), पूर्वीय साहित्य सिद्धान्त, ललितपुर : साझा प्रकाशन ।
नगेन्द्र डा (सन् १९६४), रस सिद्धान्त, नयाँ दिल्ली : नेसनल प्रकाशन हाउस ।
नेपाल, डिल्ली (२०७७), पूर्वीय काव्य सिद्धान्तका दृष्टिले मनमाया महाकाव्य, स्नातकोत्तरस्तरीय अप्रकाशित शोधपत्र, पशुपति बहुमुखी क्याम्पस ।
पराजुली, कृष्णप्रसाद (२०७१), मनमाया, काठमाडौँ : मेला बुक्स प्रकाशन ।
भरत (२०४६), नाट्यशास्त्रम्, दिल्ली : मोतीलाल बनारसीदास ।
मम्मट (२००८), काव्यप्रकाश, वाराणसी : ज्ञानमण्डल लिमिटेड ।
विश्वनाथ (सन् १९७७), साहित्यदर्पण, वाराणसी : मोतीलाल बनारसीदास ।
विश्वनाथ (२०१३), साहित्यदर्पण, वाराणसी : चौखम्बा सुरभारती प्रकाशन ।
शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०७२), पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त, (चौथो संस्करण) काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।
शर्मा, सोमनाथ (२०५८), साहित्य प्रदीप, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।